# चामुण्डाबिन्द्रासैनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## जम्बुकाँध, दैलेख

कर्णाली प्रदेश नेपाल

पत्र संख्या ०८०/०८१
च. नं. १८५२

मिति : २०८१।०२।१७

श्री वडा कार्यालयहरु सवै

चामुण्डाविन्द्रासैनी नगरपालिका ,जम्बुकाँध ,दैलेख ।

**विषय: बस्तिस्तरबाट योजना छनौटकोलागि बजेट सीमा तथा मार्ग दर्शन पठाईएको ।**

नेपालको संविधान २०७२ ,स्थानीय सरकार सँचालन ऐन २०७४ , स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन ,२०७४ (परिमार्जित), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान र आन्तरिक श्रोत वापत प्राप्तहुने बजेट समेतका आधारमा यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक योजना तथा बजेट तर्जुमाको ७ चरण कार्यक्रम संचालन गरि मिति २०८१।०३।१० गते अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले निर्धारण गरेको मितिमा नगर सभामा आब २०८१/०८२ को नीति, योजना तथा बजेट प्रस्तुत गर्नु पर्ने भएकोले वडाहरुले संचालन गर्ने योजना तथा कार्यक्रमहरु बस्तीस्तरबाट छनौटगरी वडा समितिबाट प्राथमिकीकरण निर्धारण गरी निर्णय सहित यही २०८१ जेष्ठ महिनाको २५ गते भित्र यस नगरपालिकामा प्राप्तहुनेगरी हार्ड कपी र सप्टकपी पठाउनुहुन देहाय बमोजिम वजेट तथा मार्ग दर्शन सहित पठाईएको व्यहोरा अनुरोध छ ।

...............

(श्याम वहादुर रावत)

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

# चामुण्डाबिन्द्रासैनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## जम्बुकाँध, दैलेख

पत्र संख्या ०८०/०८१ कर्णाली प्रदेश नेपाल

च. नं.

- खेलकुद विकास र प्रर्वद्धन सम्बन्धी कार्य ।
- स्थानीय यातायात व्यवस्थापन सम्बन्धी कार्य ।
- स्थानिय तहले बहन गर्नु पर्ने अनिवार्य दायित्वका विषयहरु शिक्षा, स्वास्थ्य, खानेपानि जस्ता आधारभुत सेवा प्रवाहका लागि संचालन हुने कार्यक्रम तथा आयोजनाहरु ।
- सम्बन्धित स्थानीय तहको सन्तुलित विकासमा टेवा पुऱ्याउने पुर्वाधार तथा आयोजनाहरु
- सामाजिक एवम् आर्थिक दृष्टिले कम्जोर तथा तुलनात्मकरुपमा विकासको मुल प्रवाहमा पछि परेका वर्ग वा समुहको उत्थान एवम् मुलप्रवाहीकरणमा योगदान पुर्याउने कार्यक्रम तथा योजनाहरु , साथै समानीकरण अनुदान वापत प्राप्त रकम अध्ययन भ्रमण वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवम् संचालन खर्चका लागि विनियोजन नगरी विकास निर्माण तर्फ खर्च गर्नेगरी प्राथमिकता निर्धारण गर्नु पर्ने छ ।

**बस्ती तहका योजना छनौट गर्दा निम्न अनुसार गर्नु पर्नेछ ।**

- वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न वस्ती टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नु पर्दछ ।
- न्यूनतम दश देखि पन्ध्रलाख लागत हुने गरी वडामा एउटा गौरवको योजना छान्नु पर्ने छ ।
- लक्षित समुहका योजना वाहेक पाँचलाख लागत भन्दा कम लागतको योजना छनौट नगर्ने ।
- प्रत्येक वडाले वडाभित्रका बस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्दछ ।
- बस्तीहरुका योजना छनौट गर्दा सो वस्ती भित्रका सवै बर्ग र समुदायका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पिडित वर्ग, पिछडा वर्ग, अल्प संख्यक, सिमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग, आदि को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।
- टोल बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल बस्ती भित्रका क्रियाशील सामूदायिक संस्थाहरु, टोल विकास संस्था, आमा समुह, वाल क्लब, विभिन्न संजाल, युवा क्लब, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समुहहरुलाई पनि सहभागी गराउनु पर्नेछ ।
- माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागीता हुनेगरी वडा सदस्यको संयोजनमा निर्धारित समय मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरक्रिया छलफल विमर्श गरी योजनाहरुको छनौट गर्नु पर्नेछ । यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु पर्नेछ ।
- श्रोत अनुमान तथा वजेट सीमा निर्धरण समितिबाट प्राप्त बजेट सीमा र मार्ग दर्शनको आधारमा सम्बन्धित वडाहरुले वस्ती टोलबाट प्राप्त योजनाहरु मध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधिनमा रही योजनाहरुको छनौट र प्राथमिकता निर्धारण समेतगरी अनुसूची ४ बमोजिमको ढाँचामा वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नु पर्दछ ।
- बस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको वजेट सीमाभित्र रही औचित्यको आधारमा समावेश गर्न सक्नेछ । वडाको वजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने गाउ नगर स्तरीय महत्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।
- वडा समितिले आयोजनाको प्राथमिकीकरण गर्दा श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले तोकेको आधारहरु बमोजिम गर्नु पर्नेछ ।
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
- जनताको जीवनस्तर आम्दानी र रोजगारी वढने ।
- स्थानीय जनसहभागीता जुटने स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।

नि.प्रमुख प्रशासकीय अधिकृत

# चामुण्डाबिन्द्रासैनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## जम्बुकाँध, दैलेख

कर्णाली प्रदेश नेपाल

पत्र संख्या ०८०/०८१

च. नं.

- ❖ स्थानीय श्रोत साधन र सीपको अधिकतम् प्रयोग हुने ।
- ❖ महिला बालवालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
- ❖ लैङ्गिक समानता र सामाजिक समाबेशीकरण अभिबृद्धि हुने ।
- ❖ दिगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने ।
- ❖ भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृदिमा सघाउ पुऱ्याउने ।
- ❖ स्थानीय तहले ठानेका अन्य विषयहरु ।

..............

(श्याम वहादुर रावत)

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत